**निर्णय नं. १**

करदाता सेवा कार्यालय, दमौली आन्तरिक राजश्व कार्यालयको रुपमा सेवा बिस्तार हुने क्रममा रहेको सन्दर्भमा सो कार्यालयको स्वामीत्वमा घर जग्गा नरहेको र भाडामा कार्यालय संचालन गर्न कठीन भएको अवस्थामा सहकारी डिभिजन कार्यालय स्थानीय तहमा हस्तान्तरण भै सकेको अवस्थामा उक्त भवन तथा जग्गा आन्तरिक राजश्व कार्यालयलाई हस्तान्तरण गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा तयार गरिएको जिल्ला समन्वय समितिको अन्तरिम दरवन्दी संरचनामा यस कार्यालयलाई थप कर्मचारी आवश्यक पर्ने देखिएकोले देहाय वमोजिमको दरवन्दी थप गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

१. सूचना प्रविधी अधिकृत १ (एक)
२. सहायकस्तर पाँचौं तह १ (एक) प्रमुखको सचिवालय
३. कार्यालय सहयोगी १ (एक) प्रमुखको सचिवालय

**निर्णय नं. ३**

जिल्ला समन्वय समितिको आ.व. २०७४/०७५ को आन्तरिक कोषको रकम सम्बन्धमा :

क) आ.व. २०७४/०७५ को जिल्ला समन्वय समितिको आन्तरिक आयको विवरण र चालु वर्ष २०७४/०७५ को खर्च विवरण तथा आगामी आ.व. २०७५/०७६ को प्रस्तावित आय/व्यय विवरण सम्वन्धमा जानकारी भयो ।

ख) आ.व. २०७४/०७५ मा प्राप्त जिल्ला समन्वय समिति अनुदानबाट नपुग भएको जिल्ला समन्वय समितिको अनिवार्य दायित्व कर्मचारी तलव, कार्यालय संचालन, अनुगमन मूल्याङ्कन, सवारी साधन ममर्त शिर्षकमा जिल्ला समन्वय समिति आन्तरिक कोषबाट गरिएको खर्च चालु तर्फको रु. ६९,६९,५८३।३५ र पुजिंगत तर्फको रु. २५,११,३३७।९९ लाई अनुमोदन गर्ने निर्णय गरियो ।

ग) जिल्ला समन्वय समितिको स्वीकृत दरवन्दीमा कार्यरत स्थायी कर्मचारीहरुको सेवा अवकाश पश्चात उपदान तथा अन्य सुविधा रकम उपलब्ध गर्ने प्रयोजनार्थ रहेको कर्मचारी कल्याण कोषमा रकम अत्यान्तै न्यून रहेको हुँदा आवश्यक पर्ने रकम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा माग गर्ने र मन्त्रालयबाट उपलब्ध नभएमा जिल्ला समन्वय समिति कोषबाट आवश्यक रकम मध्ये १ (एक) करोड कर्मचारी कल्याण कोषमा विनियोजन गर्ने निर्णय गरियो ।

घ) प्राकृतिक स्रोत (ढुङ्गा, गिट्टी, बालुवा) र मालपोत रजिष्ट्रेशन वापत आ.व. २०७४/०७५ मा संकलित रकम बाँडफाँडका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा माग गर्ने र मन्त्रालयबाट बाँडफाँड मापदण्ड प्राप्त नभएको अवस्थामा ढुङ्गा, गिट्टी, बालुवा लगायतको स्रोत संकलन भएको स्थानीय तहलाई ६०%, जिल्ला समन्वय समितिलाई १०% र बाँकी ३०% सबै स्थानीय तहलाई समानुपातिक रुपमा बाँडफाँड गर्ने तथा मालपोत रजिष्ट्रेशन वापत आ.व. २०७४/०७५ मा संकलित रकम सम्वन्धित स्थानीय तहलाई शत प्रतिशत रकम उपलब्ध गराउने।

ङ) आ.व. २०७४/०७५ मा विद्युत रोयल्टी वापत प्राप्त हुने रकम प्राप्त नभएको सम्वन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा माग गर्ने

च) जिल्ला समन्वय समितिको आन्तरिक आयको कोष संचालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा माग गर्ने

**निर्णय नं. ४**

जिल्ला सभा संचालन सम्बन्धी कार्यविधी, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

जिल्ला स्तरीय अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधी, २०७५ का सम्बन्धमा जिल्ला सभाका सदस्यहरुले दिएको सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

तनहुँ जिल्ला साविक फराकचौर ९/ग कि.नं. ६०३ स्थित जिल्ला समन्वय समितिको स्वामत्विमा रहेको क्षेत्रफल ०-१-३-३ को जग्गामा सोही स्थान कि.नं. ६९१ क्षेत्रफल ०-१-३-३ जग्गा धनी रेवतराज शाहले २०५७ सालमा घर निर्माण गरेकोमा उक्त जग्गा साटफेर गर्ने अनुमतीका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

तनहुँ जिल्ला साविक फराकचौर ९/ट कि.नं. ३४ र ३५ देउरालीनगर स्थित जिल्ला समन्वय समितिको स्वामत्विमा रहेको क्षेत्रफल २९-९-२-० को जग्गामा अव्यवस्थित रुपमा बसेका व्यक्तिहरुको सम्बन्धमा साविक जिल्ला विकास समितिद्धारा गठीत जग्गा व्यवस्थापन समितिको प्रतिवेदन समेतका आधारमा प्रचलित मुल्य लिई सम्बन्धित व्यक्तिलाई बिक्री गर्न अनुमतीका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

जिल्ला समन्वय समिति र दिपेश बस्नेत बिच जिल्ला समन्वय समितिको स्वामीत्वमा रहेको गणेशमान चोक स्थित जग्गामा भएको सम्झौता बमोजिम हाल कायम रहेको जग्गाको भाडादर ५०% बृद्धि गर्ने तथा अन्यको हकमा जिल्ला समन्वय समितिले पेश गरेको जग्गा भाडादर कायम गरि सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

तनहुँ भेटघाट वर्षका रुपमा हरेक स्थानीय तहले आन्तरिक पर्यटनलाई प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्धेश्यले वर्षको १ पटक विविध कार्यक्रम सहित महोत्सव आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

जिल्ला समन्वय समितिको उप प्रमुख, जिल्ला समन्वय समितिका सदस्य तथा स्थानीय तहका वडाअध्यक्षहरुको मर्यादाक्रम निर्धारण सम्बन्धमा सम्बन्धित मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

जिल्ला सभा सदस्य श्री गिनुमाया थापाको ससुराको असमायिक निधन प्रति समवेदना व्यक्त गर्ने निर्णय गरियो ।

आज मिति २०७५ साल श्रावण ७ गतेको दिन जिल्ला सभाका अध्यक्ष श्री शान्तिरमण वाग्ले ज्यूको अध्यक्षतामा बसेको जिल्ला सभा बैठकको उप-स्थिती एवं निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिती :-

1. श्री शान्तिरमण वाग्ले
   अध्यक्ष, जिल्ला सभा
2. श्री बैकुण्ठ न्यौपाने
   प्रमुख, व्यास न.पा.
3. श्री किसान गुरुङ
   प्रमुख, शुक्लागण्डकी न.पा.
4. श्री उदयराज गौली
   प्रमुख, भानु न.पा.
5. श्री भैरव बहादुर थापा
   प्रमुख, भिमाद न.पा.
6. श्री राजेन्द्र कृष्ण श्रेष्ठ
   अध्यक्ष, ऋषिङ गा.पा.
7. श्री माया राना
   अध्यक्ष, म्याग्दे गा.पा.
8. श्री गिर बहादुर थापा
   अध्यक्ष, आँबुखैरेनी गा.पा.
9. श्री पूर्ण सिंह थापा
   अध्यक्ष, बन्दिपुर गा.पा.
10. श्री रन बहादुर राना
   अध्यक्ष, घिरिङ् गा.पा.
11. श्री दुर्ग बहादुर थापा
   अध्यक्ष, देवघाट गा.पा.
12. श्री मिरा जोशी
   उप-प्रमुख, व्यास न.पा.
13. श्री सविता रसाईली
   उप-प्रमुख, शुक्लागण्डकी न.पा.
14. श्री आस्मा थापा
   उप-प्रमुख, भानु न.पा.
15. श्री शारदा खनाल
   उप-प्रमुख, भिमाद न.पा.
16. श्री गिनु माया थापा
   उपाध्यक्ष, ऋषिङ गा.पा.

१७. श्री वालकृष्ण घिमिरे
उपाध्यक्ष, म्याग्दे गा.पा.

१८. श्री पुष्पा देवी श्रेष्ठ
उपाध्यक्ष, आँबुखैरेनी गा.पा.

१९. श्री करुणा गुरुङ
उपाध्यक्ष, बन्दिपुर गा.पा.

२०. श्री सरस्वती घिमिरे (सिग्देल)
उपाध्यक्ष, घिरिङ गा.पा.

२१. श्री विमला थापा
उपाध्यक्ष, देवघाट गा.पा.

२२. श्री अञ्जन न्यौपाने
जि.स.अ. (सदस्य-सचिव), जि.स.स., तनहुँ

विशेष/अन्य उपस्थिती :-

१. श्री पवित्रा देवि पौडेल
उप-प्रमुख, जि.स.स.

२. श्री निल बहादुर थापा
सदस्य, जि.स.स.

३. श्री केबा बहादुर सुनार
सदस्य, जि.स.स.

४. श्री अर्जुन बहादुर अधिकारी
सदस्य, जि.स.स.

५. श्री गज बहादुर गुरुङ
सदस्य, जि.स.स.

६. श्री सरस्वती गौतम
सदस्य, जि.स.स.

७. श्री धनी माया थापा
सदस्य, जि.स.स.

८. श्री दिव्यश्वरी वि.क.
सदस्य, जि.स.स.

९. श्री अञ्जन न्यौपाने (जि.स.अ.)

१०. श्री नवराज तिमिल्सिना (लेखा अधिकृत)

११. श्री अनिल खनाल (आ.ले.प. अधिकृत)

१२. श्री एक बहादुर रानामगर (खरिदार)

श्री शिवजी थापा लेखापाल

श्री सूर्यप्रसाद पौडेल ,,